# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७४/१२/२५ गते

## प्रेस विज्ञप्ति

**विषय: घुस रकम सहित नियन्त्रणमा लिईएको ।**

---

जिल्ला शिक्षा कार्यालय, काश्कीमा कार्यरत इन्जिनियर(करार) छविन्द्र विक्रम खाँण र सव-इन्जिनियर(करार) प्रदीपकुमार वानियाँले काश्की जिल्ला, मादी गाँउपालिका वडा नं.८ स्थित श्री प्रभात आधारभूत विद्यालय र श्री नारायण आधारभुत विद्यालयको भवन निर्माण सम्पन्न पश्चात अन्तिम विल भुक्तानी लिने क्रममा सेवाग्राहीसँग विभिन्न वहानामा घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय पोखरा काश्कीबाट खटिइ गएको टोलीले निजहरुलाई रु.१,००,०००/-(एक लाख) घुस वापतको रकम लिएको अवस्थामा पोखरा लेखनाथ महानगरपालिका वडा नं. ९, चिप्लेढुंगा स्थित डेलिसियस फास्टफुड एण्ड म:म रेष्टुरेण्ट पृथ्वीचोक बाट मिति २०७४/१२/२३ गते नियन्त्रणमा लिइ अनुसन्धान कार्य भइरहेको छ ।

(दीर्घराज मैनाली)
सह-सचिव एवं प्रवक्ता